
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २६ गते बुधबार ❑ 8 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## ट्राफिक नियम पालना गर्न झन्झट नमानौं : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले ट्राफिक नियम पालना गर्नको लागि सबैलाई आग्रह गर्नुभएको छ।

मंगलबार गण्डकी प्रदेशका ११ वटै जिल्लामा एकसाथ आयोजित ट्राफिक सप्ताह कार्यक्रमको पोखरामा शुभारम्भ गर्दै एउटा सामान्य नियम पालना गर्न सके सबैको जीवन सुरक्षीत हुने भन्दै यस्तो आग्रह गर्नुभएको हो।

'एउटा सामान्य नियम पालना गर्दा हामी सबैको जीवन सुरक्षित हुनसक्छ, सामान्य छ कुरा यसलाई अत्यन्त विशिष्ट र जटिल बनाएर नियम क्रस गर्न खोजियो भने हाम्रो जीवन चक्र पनि चल्दैन' उहाँले भन्नुभयो । शरीरमा रोग लाग्न नदिनका लागि आहार विहारमा ध्यान दिए जस्तैगरी ट्राफिक नियमहरू पालना गर्न झन्झट नमानी सरल रुपमा लिनुपर्नेमा उहाँको जोड छ । दुर्घटनाको मूख्य कारण मानवीय लापर्बाही हुने तथ्यांकले देखाएको भन्दै यसलाई घटाउन



सबैजना सचेत बन्नुपर्ने उहाँले बताउनुभयो । कार्यक्रममा ७७ दशमलव २७ प्रतिशत दुर्घटना सवारीचालकको लापर्बाहीका कारण हुने गरेको तथ्यांक सार्वजनिक गरिएको थियो । यसैगरी यात्रुका कारण ८ दशमलव ८२ प्रतिशत, यात्रीका कारण ६ दशमलव ६८ प्रतिशत र सडकका कारण ६ दशमलव ९५ प्रतिशत दुर्घटना भएका छन् । 'यहाँ दिएको डाटा अनुसार दुर्घटनाका प्रतिशतमा मानवीय लापर्बाही नै प्रदान देखियो, नियम उल्लङ्घन कुराले धेरैं क्षती भइरहेको हुन्छ, नियम र पद्धतीमा चल्यौं भने कहिल्यै समस्या हुँदैन' मुख्यमन्त्री अधिकारीले थप्नुभयो। विद्यालयमा अध्ययनरत भाइबहिनीले जागरणको रुपमा लिएर सचेतना प्रदान गर्न भूमिका खेल्न सकेको खण्डमा सभ्य समाज निर्माणमा सहजता हुने उहाँले सुनाउनुभयो । आफ्नो अघिल्लो कार्यकालमा विपद्, ट्राफिक नियम उल्लङ्घन, किशोरीको आत्मरक्षा लगायतको सम्बन्धमा कक्षा ८ र ९ का विद्यार्थीलाई जानकारी दिन पाठ्यक्रम बनाउन सुरु गरेको भन्दै त्यसलाई अब पूर्णता दिएर कार्यान्वयनमा ल्याउने प्रतिवद्धता समेत मुख्यमन्त्री अधिकारीले जनाउनुभयो । जागरणका कार्यक्रमले सभ्य समाज निर्माणमा सहयोग गर्ने उहाँको विश्वास छ । 'विद्यालयका भाइबहिनीले जागरणको रुपमा लिएको खण्डमा सभ्य समाज निर्माण त्यहींबाट सुरु हुन्छ, असभ्य समाजमा दुर्घटना बढी हुन्छ, नियमहरु तोडिन्छ, हामी असभ्य हुन चाहदैनौ' उहाँले थप्नुभयो । ट्राफिकका सबै नियम पालना गर्दै उत्कृष्ट प्रदेश बनाउने प्रहरीको अभियानमा आफ्नो सदैव साथ रहने उहाँले बताउनुभयो । सबैको प्रयासका कारण पर्यटकको राजधानी पोखरा ट्राफिक व्यवस्थापनको क्षेत्रमा देशभरकै नमुना ठाउँ बन्ने विश्वास मुख्यमन्त्री अधिकारीले गर्नुभयो । गण्डकी प्रदेशमा यो आर्थिक वर्षमा ३ सय २२ वटा सवारी दुर्घटना हुँदा १ सय ५५ जनाले ज्यान गुमाएको ट्राफिक प्रहरीको तथ्यांक छ । ट्राफिक सप्ताह वैशाख ३१ गतेसम्म चल्नेछ । शुभारम्भ कार्यक्रम अगाडि पोखराको चिप्लेढुंगाबाट सभागृहहलसम्म मुख्यमन्त्री अधिकारीसमेतको सहभागितामा प्रभातफेरी कार्यक्रम भएको थियो।

## वी.पी.स्मृति भवन असोज अगावै सम्पन्न गरिने : शुक्रराज शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

वीपी स्मृति भवन निर्माण समिति गण्डकी प्रदेशको प्रथम वैठक मंगलबार आफ्नै सभाहलमा सम्पन्न भएको छ।

पोखरा १९ लामाचौरमा रहेको आफ्नै जमिनमा बनेको सभाहलमा भएको वैठकमा निर्माण समिति, सल्लाहकार समिति, प्राविधिक समिति र नेपाली कांग्रेस गण्डकी प्रदेशका पदाधिकारी लगायत उपस्थिति रहेको थियो । उक्त वैठकले यही असोज महिना अगाडी नै काम सम्पन्न गरी प्रदेश कार्यालय सार्ने निर्णय गरेको छ । नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले वी.पी.को तस्विरमा फुल र माला लगाएर वैठकको शुभारम्भ गरेका थिए । करिब ३ रोपनी भन्दा बढी रहेको जमिनमा व्यवस्थित वी.पी.स्मृति भवन निर्माण गर्नको लागि सबैको सहयोगको आवश्यकता रहेको सभापति शर्माले बताए । उनले डिपिआर तयार गरी निर्माण कार्य सुरुवात गर्न प्राविधिक समितिलाई जिम्मा दिएको जानकारी गराउँदै भवन निर्माणको लागि प्राविधिक स्टीमेटअनुसार करिब ५ करोड लाग्ने अनुमान गरिएको छ, भने ।

सभापति शर्माले उक्त वैठकमा एतिहासिक काम नेपाली कांग्रेस गण्डकी प्रदेशले गर्न लागेको बताउँदै नेपाली कांग्रेसलाई माया गर्ने सम्पूर्ण व्यक्तिहरु एकवद्दता भई हातेमालो गर्न आग्रह गरेका थिए। "हामीमाझ अहिले रहेको



२ तला बनिसकेको भएपनि अझ थप २ तला थप्नुपर्ने भएको र बाँकी काम असोज अगावै सम्पन्न गरेर दशै भित्रमा प्रदेश कार्यालयको अफिसियल काम सुरु हुनेछ । उक्त काम गर्नको लागि पहिलो चरणमा करिब १ करोड लागत लाग्न सक्ने प्राविधिक अनुमान गरिएको जानकारी प्राप्त भएको छ," उनले भने ।

त्यसैगरी निर्माण समितिका संयोजक माधव प्रसाद बास्तोला (मधु)ले वैठकको स्वागत मन्तव्य व्यक्त गर्नुका साथै वैठकको वारेमा प्रकाश पारेका थिए । उनले भवन निर्माणको लागि सबैले हातेमालो गरेमा निर्धारित समयमा नै भवनलाई सम्पन्न गर्ने बताउँदै भवनको डाफ्ट नक्सा तयार भइसकेको जानकारी गराए । उत्साहपूर्वक सहभागी भएका दाताहरुले भवन निर्माणको लागि वैठकमा करिब ५ लाख सहयोग गरेको संयोजक बास्तोलाले बताए । प्राविधिक समितिका संयोजक ई.सुरेन्द्र पाण्डेलेभवनकोग्राउण्डमाकार्यक्रम सभाहल, दोस्रोमा प्रदेश सभापति र कार्यसमिति सदस्यको कोठा र वैठक कोठा रहने र तेस्रोमा प्रदेश पदाधिकारीको कोठा रहने गरी नक्सा तयार गरिएको जानकारी गराएका थिए ।

वैठकमा नेपाली कांग्रेस गण्डकी प्रदेशका उपसभापति एवम् गण्डकी प्रदेश सभा सदस्य कल्पना तिवारी, प्रदेश सभा सदस्य एवम् भवन निर्माण समिति सदस्य सरस्वती गुरुङ, नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछाने, कोषाध्यक्ष बसन्तकुमार श्रेष्ठ, सहमहामन्त्रीहरु कोपिला रानाभाट र रामचन्द्र जोशी, सदस्य सीता काफ्ले लामिछाने, भवन निर्माण उपसंयोजक यामबहादुर मल्ल (रामकृष्ण), सदस्यहरु ई.सुरेन्द्र पौडेल, ई. हरिदत्त पौडेल, सल्लाहकार मदन बहादुर के.सी., पोखरा १९ का वडा अध्यक्ष एवम् भवन निर्माण समितिका सदस्य पुष्पेन्द्र पाण्डे,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विश्वासको मत असंवैधानिक भएको भन्दै सर्वोच्चमा रिट

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पाएको विश्वासको मत असंवैधानिक भएको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिइएको छ।

गण्डकी प्रदेश, नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दायर गरेको रिट निवेदनमा मुख्यमन्त्री अधिकारीले लिएको मत असंवैधानिक रहेको उल्लेख गर्दै रिट निवेदन दायर गरिएको हो। सर्वोच्च अदालतका प्रवक्ता वेदप्रसाद उप्रेतीका अनुसार उक्त विवादको सुनुवाइ यही वैशाख २७ गते हुने तय भएको छ।

विश्वासको मत लिँदा प्रदेशसभाको बहुमतको गणना अवैधानिक रुपमा गणना गरेर विश्वासको मत पाएको रिट निवेदनमा छ।

उक्त प्रदेशसभामा ६० सदस्य रहेकोमा ३० मत मुख्यमन्त्री अधिकारीले पाएका पाउनुभएको थियो। बहुमत पुग्नका लागि ३१ मत हुनुपर्ने रिट निवेदनमा दाबी गरिएको छ।

## वर्षाले डढेलो निभाउने आशा

**रासस**
काठमाडौं, २५ बैशाख

लामो समयपछि सोमबारदेखि सुरु भएको वर्षासँगै देशका विभिन्न स्थानमा फैलिएको वन डढेलो नियन्त्रणमा सहज हुने आशा पलाएको छ।

सुक्खा भएका कारण केही समयदेखि लागिरहेको वन डढेलो वर्षाका कारण नियन्त्रणमा आउनसक्ने सरोकारवालाहरूले विश्वास व्यक्त गर्नुभएको छ । मौसमविद्हरूले पनि आगामी तीन दिनसम्मको मौसम पूर्वानुमान गर्दै राम्रो वर्षाको सम्भावना रहेको बताउनुभयो । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले अहिले पनि लुम्बिनी, कोशी प्रदेश तथा काठमाडौं आसपासका क्षेत्रमा हल्कादेखि मध्यम वर्षा भइरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार अझै आगामी तीन दिनसम्म वर्षाको सम्भावना छ। "बिहीबारसम्म नै वर्षाको सम्भावना छ, २४सै घण्टाको मौसमी अवस्था विश्लेषण गर्दा गण्डकी प्रदेशका बागलुङ, स्याङ्जालगायतका जिल्लामा भारी वर्षा भएको छ, आजका लागि भने गण्डकी, लुम्बिनी, प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना छ", उहाँले भन्नुभयो, "आज अपराह्नमा भने काठमाडौं उपत्यकामा हावाहुरी चट्याङसहितको वर्षा हुने भएकाले सतर्कता अपनाउन जरुरी छ ।" यो वर्षाले केही दिनका लागि डढेलो नियन्त्रणमा सहज हुने बताउनुहुन्छ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका डढेलोविद् सुन्दर शर्मा।

## हुसैनद्वारा लिखित पुस्तक विमोचन


**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

वरिष्ठ वैज्ञानिक डा मोहमद ईकवाल हुसेनद्वारा लिखित 'स्थानीय सिपिमा मोतिपालन गर्ने प्रविधि' विषयक पुस्तक विमोचन गरिएको छ।

'मत्स्य जैविक विविधता, खाद्य सुरक्षा तथा पोषण र आयआर्जनको एक मात्र आधार मत्स्य अनुसन्धान' नाराका साथ मत्स्य अनुसन्धान केन्द्र पोखराद्वारा ३३औं नेपाल कृषि अनुसन्धान परिषद् स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित एक समारोहबीच गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उक्त पुस्तक विमोचन गर्नुभएको हो । मत्स्य अनुसन्धान केन्द्र पोखराको पोखरीमा र तालहरूमा गरिएकासिपिमामोतिपालनसम्बन्धी अनुसन्धानात्मक प्रयासको अनुभवको आधारमा पुस्तक तयार गरिएको हो । पुस्तकमा नेपालमा सिपिमा मोतिपालनसम्बन्धी अनुसन्धानको सुरुआत र यसको अनुसन्धानात्मक अद्यावधिकको बारेमा चर्चा गरिएको पुस्तकका लेखक एवम् मत्स्य अनुसन्धान केन्द्र पोखराका प्रमुख डा हुसेनले बताउनुभयो। कार्यक्रममा मुख्यमन्त्री खगराज अधिकारीले सिमसार एवम् जैविकि विविधताको संरक्षण साझा दायित्व भएको बताउनुभयो । सिमसार र एवम् जैविक विविधताको संरक्षण हुन नसक्दा कार्वन उत्सर्जनको अवस्था बढिरहेको उल्लेख गर्दै उहाँले भावी पुस्ताका लागि पनि स्वच्छ वातावरण उपलब्ध गराउने गरी लाग्नु जरुरी रहेको बताउनुभयो। डढेलो लगाउनेलाई कारबाही हुनुपर्ने मुख्यमन्त्रीअधिकारीलेबताउनुभयोवातावरणीय संरक्षणसँगै रैथाने प्रजातिको संरक्षण अपरिहार्य भएको उहाँको भनाइ थियो।

मत्स्य अनुसन्धान केन्द्र पोखराका प्रमुख डा मोहमद ईकबाल हुसेनले नेपालमा सिपिमा मोतिपालनको सम्भावना अध्ययनको मुख्य उद्देश्यका साथ नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत मत्स्य अनुसन्धान केन्द्र पोखरामा अनुसन्धानको थालनी भएको जानकारी दिनुभयो। लगातारको परीक्षणको प्रयासले सफल नतिजा हासिल भई विभिन्न मूर्तिका छायाँ प्रति( डिजाइनर) र अर्ध गोलाकार मोति प्राप्त भएको उहाँले बताउनुभयो। मत्स्य अनुसन्धान केन्द्र, पोखराले पोखरा उपत्यकाका तालहरूको जलिय वातावरण अध्ययनका साथै माछाका भुरा उत्पादन तथा आपूर्ति, विभिन्न अनुसन्धानका साथै माछापालन प्रविधि विषयका विभिन्न पुस्तकलगायत प्रकाशन आदि काम गर्दै आएको प्रमुख हुसेनले जानकारी दिनुभयो । माछाका भुरा उत्पादन तथा वितरण, शुद्ध नश्लको हुर्कौला माउ माछाको वितरणलगायत काम पनि केन्द्रबाट भइरहेको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा लिबर्ड पोखराका कार्यकारी सदस्य लेखनाथ ढकाल, रुपाताल पुनःस्थापना तथा मत्स्य सहकारी संस्था लिमिटेडका अध्यक्ष शिवराज अधिकारीलगायतले यहाँका तालतलैयामा माछाको उत्पादन बढाउँदै बाहिरबाट गरिँदै आएको माछाको आयात रोक्नुपर्नेमा जोड दिनुभयो।

# मोहन स्मृति विद्यालय स्तरीय राष्ट्रिय तथा पोखरा वडा स्तरीय व्याडमिन्टन प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

पोखरामा विहीबारदेखि विद्यालयस्तरीय राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता शुरु भएको छ।

पोखरा महानगर खेलकुद विकास समिति र मोहन भूगोल व्याडमिन्टन फाउण्डेशनको संयुक्त आयोजनामा विहीबारदेखि पोखरा रंगशालास्थित व्याडमिन्टन हलमा तेश्रो संस्करणको मोहन स्मृति विद्यालयस्तरीय राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

यही बैशाख २९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विद्यालयस्तरीय (मावि तथा प्रावि स्तरीय) सँगै महानगर वडास्तरीय विभिन्न उमेर समुहको छात्र तथा छात्रा तर्फ प्रतिष्प्रर्धा हुने भएको फाउण्डेशनका अध्यक्ष भूगोल गुरुङले बताउनु भयो। मावि स्तरको यू-१९ छात्र एकल तथा छात्रा एक तर्फको प्रतिष्प्रर्धा हुने भएको छ भने विजेता खेलाडीले ३० हजार, उपविजेताले २० हजार र तेश्रो हुने १० हजार प्राप्त गर्नु हुने भएको छ। प्रावि स्तरिय विजेता तथा उपविजेतालाई गिफ्ट ह्याम्पर प्रदान गरिने भएको छ। त्यसै गरी पोखरा महानगर वडा स्तरिय प्रतियोगितामा एकल महिला तथा पुरुष एवं महिला तथा पुरुषको डवल्स तर्फका विजेताले ३० हजार, उपविजेताले २० हजार र तेश्रो हुने १० हजार प्राप्त गर्नु हुने भएको छ। खेलाडी उत्पादन गर्ने उद्धेश्यले महानगरले यस बर्ष उक्त प्रतियोगितालाई ४ लाख रुपैया बजेट विनियोजन गरेको समितिका अध्यक्ष दीपक गोदारले बताउनुभयो। प्रतियोगिता सम्पन्न गर्न १४ लाख ४५ हजार खर्च हुने भएको क्लवले जनाएको छ। प्रतियोगितामा विभिन्न जिल्लाका करिब ३ सय जना खेलाडीहरु सहभागि हुने भएको क्लवका सचिव बरदान लामाले बताउनुभयो।

# विद्युतीय चुरोटमा प्रतिबन्ध लगाउने तयारीमा सरकार

**रासस**
काठमाडौं, २५ बैशाख

सरकारले विद्युतीय चुरोट (भेप)मा प्रतिबन्ध लगाउने प्रक्रिया सुरु गरेको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले प्रतिबन्ध लगाउने प्रक्रियामा सहयोग गर्न विभिन्न मन्त्रालयलाई आग्रह गरेको छ।

केन्द्रका निर्देशक केशवराज पण्डितले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई विद्युतीय चुरोटको उपभोग गर्न नपाउने व्यवस्था कार्यान्वयनमा सहयोग गर्न आग्रह गर्नुभएको छ।

सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका २०७१ को दफा २८ को उपदफा ४ मा 'कसैले पनि इलेक्ट्रोनिक सिगरेटको उत्पादन, आयात, बिक्री वितरण, सार्वजनिकस्थल र सार्वजनिक यातायातमा उपभोग र सञ्चारमाध्यमबाट प्रवर्द्धन तथा विज्ञापन गर्न पाइने छैन' भन्ने व्यवस्था रहेकाले सोही कार्यान्वयन गर्नका लागि पत्राचार गरिएको उहाँले बताउनुभयो।

केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा भक्तबहादुर केसीले अर्थ र सञ्चारमन्त्रायले निर्देशिकामा भएको कुरालाई कार्यान्वयन गर्नसाथ विद्युतीय चुरोटको नेपालबाट प्रतिबन्ध हुने बताउनुभयो। उहाँले कतिपयले चुरोटको सेवन छाड्नका लागि विद्युतीय चुरोटको सेवन गर्ने गरेको भन्दै चुरोट जतिकै विद्युतीय चुरोटले पनि स्वास्थ्यमा हानी गर्ने बताउनुभयो। उहाँले सुर्ती सेवनको गेट-वेका रूपमा विद्युतीय चुरोट रहेकोसमेत बताउनुभयो। "विद्युतीय चुरोटको सेवनले चुरोट खान सिकाउँछ। यसले निकोटिनको लत बसाउने काम गर्दछ", उहाँले भन्नुभयो, "त्यसैले विद्युतीय चुरोट सुर्तीजन्य पदार्थ सेवनको गेट-वेका रूपमा रहेको छ।" विद्युतीय चुरोटले मानिसको मुटु र फोक्सोमा सिधैँ असर गर्नुको साथै मुख जल्ने जस्ता पनि समस्या गराउनुको साथै सेवन गरिरहेको मानिससँगै बसिरहेको अर्को मानिसलाई पनि यसले हानी गर्ने उहाँको भनाइ छ।

नेपालमा विद्युतीय चुरोट विभिन्न फ्लेवरमा आउने गरेको छ। ब्लाकवेरी, ब्लुवेरी, मेलन, पाइनापल, गाभा, म्याङ्गो जस्ता फ्लेवरमा आउने गरेको छ। भन्सार विभागको तथ्याङ्कमा गत आर्थिक वर्षमा वार्षिक ३२ लाख २३ हजार छ सय ८७ थान विद्युतीय चुरोटका डिभाइस नेपाल आउने गरेको बताउनुभयो। तीमध्ये ३१ लाख ७५ हजार आठ सय १५ थान ती विद्युतीय चुरोट चीनबाट मात्र आउने गरेको छ। यस्तै अमेरिकाबाट दुई लाख ६५ हजार ६४०, सयुक्त अरब इमिरेट्सबाट १२ हजार नौ सय ६७ थान आउने गरेका छन्। भारत, बेलायतलगायत देशबाट पनि विद्युतीय चुरोट आउने गरेको छ। केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा केसीका अनुसार नेपालमा वार्षिक रु ३२ अर्ब बराबरको विद्युतीय चुरोटको व्यापार हुने गरेको छ। उहाँले नेपालमा विगत पाँच वर्षमा दुई सय गुणाले आयात बढेको बताउनुभयो। एउटा विद्युतीय चुरोट रु १० हजारदेखि १३ हजारसम्म पर्छ।

# मनाङको छिम्बु र कोतो भिरमा 'रक क्लाइम्बिङ' गराइने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

अन्नपूर्ण पदमार्गअन्तर्गत मनाङको चामे गाउँपालिकास्थित छिम्बु र कोतो भिरलाई चट्टान आरोहण (रक क्लाइम्बिङ) गन्तव्यका रुपमा विकास गरिने भएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको आर्थिक सहयोग, नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशको संयोजन र फ्रान्सेली नागरिकद्वय लुडोभिक ज्याम्वेसी र ल्याभिनको विशेष प्राविधिक सहयोगमा रक क्लाइम्बिङका लागि परीक्षण गरिएको हो।

मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाटमा नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले यही वैशाख ९ गतेदेखि २१ गतेसम्म फ्रान्सेली नागरिकद्वयले रक क्लाइम्बिङ निर्माणका लागि गर्नुभएको प्राविधिक सहयोग एवं काममा स्थानीय पञ्चमाया तामाङ र लक्मी तामाङले सहयोग गर्नुभएको जानकारी दिनुभयो। उहाँले यी दुवै भिरमा रक क्लाइम्बिङ गराइ पर्यटकीय रुपमा उपयोग गर्न सकिने सम्भावना देखिएकाले हिमाल आरोहणको पूर्वाभ्यासका लागि उपयुक्त गन्तव्य बन्ने विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका पर्यटन सचिव कुमानसिंह गुरुङले रक क्लाइम्बिङको नयाँ गन्तव्यको रुपमा यी दुई स्थान विकास गरिने बताउनुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नविन पोखेलले रक क्लाइम्बिङ सञ्चालन गर्न सके पर्यटकको बसाई लम्ब्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। फ्रान्सेली नागरिकद्वय लुडोभिक ज्याम्वेसी र ल्याभिनले रक क्लाइम्बिङको विश्वव्यापी अवस्थाका साथै ती दुवै भीरको स्थलगत सम्भावनाबारे प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङ, सचिव मनशान्त घिमिरे, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठलगायतले नेपालमा रक क्लाइम्बिङको सम्भावनालगायतका विषयमा आ-आफ्ना धारणा राख्नुभयो।

# सगरमाथा आरोहण गर्न चार सय १४ जनाले लिए अनुमति

**रासस**
काठमाडौं, २५ बैशाख

सन् २०२४ को वसन्त याममा सगरमाथा आरोहणका लागि चार सय १४ जनाले अनुमति लिएका छन्।

पर्यटन विभागका अनुसार हालसम्म ४१ आरोही समूहका ७५ महिला र तीन सय ३९ पुरुष गरी चार सय १४ ले अनुमति लिएका हुन्। अघिल्लो वर्ष हालसम्मकै सर्वाधिक चार सय ७८ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका थिए। विभागको पर्वतारोहण शाखाका शाखा अधिकृत चुनबहादुर तामाङका अनुसार यो याममा सगरमाथासहित ३० हिमाल आरोहणका लागि एक सय १२ आरोही समूहका नौ सय ७१ आरोहीले अनुमति लिएका छन्। हिमाल आरोहणको अनुमतिवापत हालसम्म रु ६७ करोड ४७ लाख १४ हजार ६१ रोयल्टी जम्मा भएको छ। सगरमाथाबाट मात्रै रु ५९ करोड २३ लाख पाँच हजार आठ सय ४९ रकम उठेको छ।

वसन्त यामको सगरमाथा आरोहणका लागि चौथो शिविर (साउथ कोल, ७९५० मि.) सम्म बाटो खुलिसकेको छ। आरोहणका लागि डोरी टाँग्ने (रोपफिक्सिङ) काम चौथो शिविरसम्म सम्पन्न भएको हो। यसअघि सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म आइसफल डाक्टरको टोलीले बाटो बनाएको थियो।

# पराजुलीलाई उत्कृष्ट खेलकुद पत्रकारिता अवार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख



पत्रकार रोहितराज पराजुलीलाई उत्कृष्ट खेलकुद पत्रकारिता अवार्डबाट सम्मानित गरिने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्चले शुक्रबार आयोजना गर्ने आठौं पोखरा स्पोर्टस् अवार्ड-२०८० मा उनलाई उक्त विधाबाट नगद ३५ हजारसहित अवार्ड प्रदान गरिने भएको हो। प्रतिभा छनोट समितिले उनको नाम सिफारिस गरेकोमा मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले अनुमोदन गरेको महासचिव राजाराम पौडेलले बताए। यसअघि, उक्त अवार्डबाट सन्तोष पोखरेल, विनोद लामिछाने, सन्देश श्रेष्ठ, केशव पाठक, दीपक परियार र सागरराज तिमिल्सिना सम्मानित भइसकेका छन्। पोखरा १, लामपाटन मार्ग घर भएका पराजुली आमा दमयन्ती पराजुली र बुबा माधबप्रसाद पराजुलीको कोखबाट जन्म लिएका थिए। पराजुली २०६१ सालदेखि निरन्तर पत्रकारितामा क्रियाशील छन्। सुरुमा आदर्श समाज राष्ट्रिय दैनिकबाट विद्यार्थी पत्रकारिता थालेका उनी जनमत दैनिक, रेडियो वाराही हुँदै २०६६ फागुनदेखि नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कार्यरत छन्। विशेषगरी खोज पत्रकारिता तथा विकृति विसंगतिविरुद्ध कलम चलाउने उनी साहसी र निडर मानिन्छन्। नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य उनी मञ्चका पूर्व कार्यसमिति सदस्य तथा संसदीय पत्रकार मञ्च गण्डकीका पूर्व सचिव हुन्। गत वर्षमात्र उनलाई युवा तथा खेलकुद मन्त्रालयले खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार २०८० बाट सम्मान गरेको थियो।

# वी.पी ...

पोखरा १९ का सभापति एवम् भवन निर्माण समितिका सदस्य विष्णु बास्तोला (प्रकाश) लगायतले आफ्नो भनाइ राखेका थिए। उनीहरुले भवन निर्माणको महत्वपूर्ण पक्ष आर्थिक रहेको बताउँदै जससक्दो चाडो आवश्यक सहयोग संकलन गर्ने प्रविद्धता व्यक्त गरेका थिए।

वैठकले निर्माण समितिका कोषाध्यक्ष देवकुमार श्रेष्ठको संयोजकमा ११ सदस्यीय अर्थ संकलन समिति गठन गरिएको छ। सदस्यहरुमा हरिमान श्रेष्ठ (म्याग्दी), रामकृष्ण मल्ल (पर्वत), प्रकाश तिवारी (स्याङ्जा), भेषबहादुर पौडेल (लमजुङ), राम जोशी (गोरखा), अमृत भट्टचन (नवलपुर), शंकर ढुंगाना (कास्की), अर्जुन शेरचन (बागलुङ), पवन तुलाचन (मुस्ताङ), बामे गुरुङ (मनाङ) रहेका छन्। पोखरा महानगरपालिका वडा नं. १९ की स्व. भगवती रावतले दान गरेको उक्त जमिनमा वीपी स्मृति भवन, गण्डकी प्रदेश बन्न लागेको हो। स्व.रावत नेपाली कांग्रेस गण्डकी प्रदेशका आमन्त्रीत सदस्य एवम् भवन निर्माण समितिका सल्लाहकार मदन बहादुर केसीकी फुपु हुन्।

जग्गा प्राप्तीका लागि मदन बहादुर केसी र प्रदेश सभापति शुक्रराज शर्माको विशेष पहल रहेको थियो। सल्लाहकार के.सी.ले सभापति शुक्रराज शर्मालाई भवन निर्माण संरक्षकको प्रस्ताव वैठकबाट सर्वसम्मत पारित गरिएको छ। भवन निर्माण समितिका सचिव सुरेन्दमान विजुक्छेले सञ्चालन गरेको वैठक संयोजक माधवप्रसाद बास्तोला (मधु)को सभापतित्वमा समापन भएको थियो।

## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।*


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# सहकारीका मुद्दामा समाधान देउ

नयाँ सत्ता समिकरण बनेपछि काङ्ग्रेस र रास्वपा बीच सहकारी संचालकबाट ठगिएका सहकारीका बचत कर्ताको पक्षमा आवाज उठेको छ । रास्वपा र काङ्ग्रेसले सहकारी ठगीका मुद्दामा वादी र प्रतिवादी जस्तै भएका छन् काङ्ग्रेस र रास्वपाले सहकारी ठगीको मुद्दा उठाएका छन । दुवैका कुरा समस्या समाधान भन्दा राजनीतिक छन । हिउँदे अधिवेशनमा काङ्ग्रेसले सहकारी ठगीका विषय उचालेर प्रतिनिधि सभा बैठक अबरुद्ध पारेको थियो । अहिलेको मूल विवाद भनेको उपप्रधान तथा गृह मन्त्री रवि लामिछानेको नाम जोडिएको सहकारी प्रकरण नै हो। जसलाई काँग्रेसले राजनीतिक अस्त्र बनाएको आरोप लागिरहेको छ ।

केही ठूला सहकारी र अन्य थुप्रै सहकारी संस्थाहरू समस्यामा परेका छन् । मनोमानी लगानी, नियमको बर्खिलाप र स्वार्थको खेलका कारण केही सहकारी संस्था चरम आर्थिक सङ्कटमा छन् । तिनै सहकारी देखाएर अन्य सहकारीलाई पनि समस्यामा भएको जस्तो देखाउने र अनावश्यक होहल्लाका कारण अन्य सहकारीलाई समेत विश्वासको सङ्कट परेको छ। काँग्रेसले भने अन्य सहकारीको समस्या भन्दा पनि जुन सुकै हालतमा उपप्रधानमन्त्री रवि लामिछानेलाई लक्षित गर्दै संसद्मा समेत कडा रूपमा प्रस्तुत भइरहेको छ । सहकारीको ठुलो रकम हिनामिना गरेर फरार गितेन्द्रबाबु राईसँगको सम्बन्धनका कारण समेत लामिछानेमाथि प्रश्नहरू उठिरहेका छन् । यसको समाधानका लागि सत्तापक्षले समग्र समस्याग्रस्त सहकारीको छानबिन गर्न सकिने विकल्प अघि सारे पनि काँग्रेस अझै लामिछानेमै केन्द्रित छ । काँग्रेसले लामिछानेमाथि अनुसन्धान गर्न संसदीय छानबिन समिति गठन गर्न माग गरेको छ । यसको रास्वपाले खुला प्रतिवाद गरिरहेको छ । सभामुख देवराज घिमिरेले सदन सुसंचालनका लागि ठुला दलका नेता र प्रमुख सचेतकलाई सँगै राखेर निकास खोज्न प्रयास जारी नै छ ।

नेपाली काँग्रेसको माग लामिछानेमा मात्रै केन्द्रित हुँदा यो राजनीतिक फण्डा मात्रै भएको आरोप समेत लागिरहेको छ । विशेषगरी काँग्रेससहितको गठबन्धन भत्किएर वर्तमान सत्ता गठबन्धन बनिरहँदा काँग्रेसबाटै रवि लामिछानेलाई प्रधानमन्त्री बन्न अफर आएको थियो । तर अनेक प्रयासका बाबजुद वर्तमान गठबन्धन बनेपछि काँग्रेस स्वयंले प्रधानमन्त्री बनाउन खोजेको व्यक्तिविरुद्ध निरन्तर लागिरहेको रास्वापको बुझाई रहेको छ । रास्वपा सभापति रवि लामिछानेले सभामुखले राखेको बैठक पछि त्यही कुरा दोहोर्याएका छन । आफ्नो सफाइ दिइरहँदा लामिछानेले काँग्रेसमाथि समेत नैतिक प्रश्न गर्नुभएको छ, 'आफ्नो अफर मान्यो भने माथिल्लो पदका लागि विभिन्न च्यानलबाट कुरा ल्याउने । नमानेपछि गृहमन्त्रीमाथि छानबिनको कुरा उठाउने ?'

रास्वपाले समेत पार्टीगत निर्णय गरेर काँग्रेसको माग ठिक नरहेको निष्कर्ष निकालेको छ । रास्वपाका सह-प्रवक्ता मनीष झाले काँग्रेस स्वयंले अनेक मुद्दा लागेका व्यक्तिलाई संसद् प्रवेश गराएर कुनै उजुरी नै नपरेका उपप्रधानमन्त्रीमाथि अनावश्यक बखेडा निकालेको आरोप लगाएका छन । उपप्रधानमन्त्री रवि लामिछानेले समेत काँग्रेसको माग अनावश्यक रहेको भन्दै भन्नुभयो 'म विरुद्ध मिडियामा निरन्तर समाचार आएपछि महान्यायाधिवक्ता कार्यालयमार्फत मैले बुझेको थिए, कतै मुद्दा छैन, बयानमा पोलिएको पनि छैन । दलका नेतालाई बुझाइएको ज्ञापन पत्रमा पनि मेरो नाम छैन भने कसरी छानबिन समिति बनाउने ?'

काँग्रेस अहिले सरकार गिराउन अनेक प्रपञ्च गरिरहेको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र नेकपा एसका अध्यक्ष माधव नेपाललाई साथ लिने काम गरिरहेको प्रमुख प्रतिपक्षीको लक्ष्य पूरा नहुने अवस्था छ । सोहीकारण रास्वपाका नेता मनीष झाले भनेका कुरा अझै, "काँग्रेसले अरूको इसारामा मुलुकमा अस्थिरता निम्ताउन छानबिन समितिको माग गरेको हो ।'


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाव |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चट्याङ लागेर एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ वैशाख

ढोरपाटनमा चट्याङ लागेर एकजनाको मृत्यु भएको छ ।

सोमबार राति परेको चट्याङले ढोरपाटन नगरपालिका-३ पुर्कोटका ५६ वर्षीय कुमबहादुर पुन गम्भीर घाइते हुनुभएको थियो । जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक विजय यादवका अनुसार चट्याङ लागेर गम्भीर घाइते भएका पुनको उद्धार गरी उपचारका लागि बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा लैजाँदा बाटोमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# डायलासिसका लागि पालो पर्खिनुपर्ने समस्या हट्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ वैशाख

तनहुँमा मिर्गौला रोगका बिरामीले ब्यहोर्नुपर्ने सास्ती हटेको छ । बिरामी बढेसँगै डायलासिस गर्ने उपकरण थपिएपछि जिल्ला अस्पतालमा उपचार सहज भएको छ ।

दमौली अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट डा परिवर्तन बरालले विगतमा बिग्रिएका उपकरणको स्थानमा नयाँ उपकरण जडान गरिएपछि अस्पतालमा बिरामीलाई डायलासिस सेवा सहज बन्दै गएको जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालमा 'डायलासिस मेसिन' उपलब्ध भएपछि हाल सेवा प्रवाह सहज भएको छ । डा बरालले भन्नुभयो, "डायलासिसकै लागि पालो कुर्नु अवस्थाको अन्त्य भएको छ, दमौली अस्पतालले तीनवटा नयाँ उपकरण पाएपछि प्रतीक्षा सूचीमा रहेका सबै सेवाग्राहीले समयमा नै सेवा पाएका पाउनुभएको छ।" जिल्लास्थित प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यले समन्वयमा नयाँ मेसिनको व्यवस्था भएपछि प्रतीक्षा सूचीमा रहेका २१ डायलासिसका बिरामीले पालो कुर्नुपर्ने अवस्था हटेको उहाँले बताउनुभयो ।

डा बरालले भन्नुभयो, "अस्पतालमा मेसिन अभाव र धेरै बिरामी भएकाले उहाँहरूले समयमै डायलासिस गर्न पालो पर्खनुपर्ने सास्ती अहिले समाधान भयो, पालो कुर्नु नपर्दा बिरामीलाई डायलासिस उपचार सेवा लिन सहज भएको छ, सातवटा मेसिनबाट सेवा प्रवाह भइरहेको छ ।" अहिले सबैले समयमा नै उपचार पाएको उहाँले बताउनुभयो । कूल आठ मेसिनमध्ये सात वटाबाट सेवा प्रवाह भइरहेको छ भने एउटा भैपरी आउने अवस्थामा प्रयोग गर्न राखिएको छ । उहाँले भन्नुभयो, "एउटा मेसिन मात्रै बिग्रिएको खण्डमा स्टकमा राखिएको मेसिनको उपयोगबाट सेवा प्रवाह गर्न सकेनौँ ।" अस्पतालको डायलासिस युनिटका इन्चार्ज शैलेन्द्र मिश्रले डायलासिस सेवा लिनेमा ५५ बिरामीले सेवा लिइरहेका जानकारी दिनुभयो । उहाँका अनुसार हप्ताको दुई पटक ४९, तीन पटक पाँच जना र एक पटक एक जना गरी ५५ बिरामीले डायलासिस सेवा लिइरहेका छन् । हाल डायलासिस युनिट कक्षमा सात डायलासिस मेसिनबाट दैनिक बिहान, दिउँसो र साँझ गरी तीन पटक प्रत्येक बिरामीलाई आलोपालो डायलासिस सेवा दिने गरिएको छ । यहाँबाट तनहुँसहित लमजुङ, गोरखा र कास्कीका बिरामी सेवा लिइरहेका उहाँले बताउनुभयो । डायलासिसको युनिट स्थापना गर्ने तथा क्षमता थप गर्ने गरिएकोले बिरामी चाप कम हुँदा पालो कुर्नु नपरेको मिश्रले जानकारी दिनुभयो । मिश्रले भन्नुभयो, "एक सय ५० जनासम्म प्रतीक्षा सूचीमा हुनुहुन्थ्यो, हाल छिमेकी जिल्लामा युनिट सञ्चालन गरिएपछि बिरामीको चाप पनि घटेको छ ।" विसं २०७२ मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलो पटक डायलासिस केन्द्र स्थापना भएको थियो ।

हेल्थ केयर फाउन्डेसन अफ नेपालले दमौली अस्पतालमा डायलासिस केन्द्र स्थापना गरेको हो । केन्द्रमा सुरुमा रु एक करोड २० लाखको लागतमा छवटा डायलासिस उपकरण जडान गरिएको थियो पछि तीनवटा उपकरण थप गरिएको हो । केन्द्रका लागि मञ्जु उपाध्यायले आफ्ना पति शत्रुघ्न उपाध्यायको स्मृतिमा रु एक करोड सहयोग गर्नुभएको थियो । उहाँले पछि उपकरण थप गर्नका लागि रु २५ लाख सहयोग गर्नुभएको थियो । जिल्लामा डायलासिसका लागि सेवा नहुँदा मिर्गौला पीडितलाई यस अगाडि अन्यत्रै गएर उपचार तथा डायलासिस सेवा लिनुपर्ने बाध्यता थियो । हाल जिल्लाको आँबुखैरेनी गाउँपालिकाले सञ्चालनमा ल्याएको आँबुखैरेनी अस्पतालमा पनि डायलासिसको सेवा प्रवाह भइरहेकाले पनि यहाँ बिरामीको चाप कम हुन थालेको छ । त्यस्तै छिट्टै नै जीपी कोइराला श्वासप्रश्वास राष्ट्रिय उपचार केन्द्रमा पनि डायलासिस सेवा दिने तयारी भइरहेको जनाएको छ ।

# जुम्लामा भीरबाट लडेर ७० भेडा मरे

**रासस**
काठमाडौं, २५ वैशाख

जुम्लाको तातोपानी गाउँपालिका-७ बारागाउँको थुमलचौरमा भालुले लखेट्दा भीरबाट लडेर ७० भेडा मरेका छन् ।

स्थानीय मगे रावत र सिउल रावतका ७० भेडा गए राती भीरबाट लडेर मरेको बारागाउँका शिक्षक अमर रावतले जानकारी दिनुभयो ।

मगे र सिउल दाजुभाइ हुन् । अस्थायी प्रहरी पोस्ट तात्मी टोप्लाका अनुसार उनीहरूका एक सय दुई भेडामध्ये भीरबाट लडेर मरेको ७० वटा भेडा भेटिएका छन् । ३१ भेडा बेपत्ता छन् । गोठ रित्तो भएपछि भेडापालक रावत दाजुभाई घरखर्च कसरी धान्ने भन्ने चिन्तामा छन् ।

पीडित भेडा रावत दाजुभाईलाई राहतका लागि आवश्यक सहयोगका लागि समन्वय गरिरहेको तातोपानी गाउँपालिकाका अध्यक्षनन्दप्रसाद चौलागाईंले जानकारी दिनुभयो ।

# चपस कास्कीको २०८१ सालको भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, २५ वैशाख



चलचित्र पत्रकार संघ नेपाल कास्कीले २०८१ सालको भित्तेपात्रो विमोचन गरेको छ । प्रत्येक वर्ष प्रकाशन गर्दै आएको भित्तेपात्रो यसपाली पनि प्रकाशन गरिएको हो ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिम्ल्सिना पंगेनीले चपस कास्कीले गरेका कामको प्रशंसा गरिन् । नेपाली सिनेमाको उत्थानमा चपस कास्कीले गरेका कामहरु सहानिय रहेको भनाई उनको छ । पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले चपस कास्कीको गतिविधिले चलचित्रसँग सम्बन्धित अन्य संस्थालाई समेत झकझकाएको बताए । सिनेमा टुरिजमको विकासमा प्रचारप्रसारको खाँचो रहेको उल्लेख गरे ।

सिनेमा माध्यम पोखरा र आसपासको क्षेत्रको प्रचारप्रसार गर्न सहज हुने हुँदा यसतर्फ प्रभावकारी भएर लाग्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले चपस कास्की क्रियाशिल संस्था भएको बताइन् । एक पछि अर्को आयोजना गरिएको कार्यक्रमले पोखरामा सिनेमा सम्बन्धि गतिविधिलाई बढ्वा दिएको अभिव्यक्ति उनको छ । पत्रकार महासंघ कास्कीका सम्पूर्ण पत्रकारिता सम्बद्ध संघसंस्थाको अभिभावक संस्था भएकाले हरेक गतिविधिमा साथ, समर्थन रहने प्रतिबद्धता उनले व्यक्त गरिन् । चलचित्र पत्रकार संघ नेपाल कास्कीका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले २०६० सालमा स्थापना भई चपस कास्कीले नेपाली सिनेमाको क्षेत्रमा महत्वपूर्ण काम गर्दै आएको उल्लेख गरे । चपस कास्कीका निवर्तमान अध्यक्ष अरुण गिरीले संस्थाको क्रियाशिलताको तारिफ गरे । संस्थाका अध्यक्ष प्रभु अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव सन्तोष बस्यालले गरेका थिए ।

# सवारी दुर्घटना न्यूनीकरण गर्न सामूहिक प्रयत्न आवश्यक

**पोखरापत्र संवाददाता**
गोरखा, २५ वैशाख

बढ्दो सवारी दुर्घटना न्यूनीकरण सामूहिक प्रयत्नबाट मात्र सम्भव रहेकामा सरोकारवालाले जोड दिएका छन् । सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि गोरखामा आजदेखि सुरु भएको 'ट्राफिक सप्ताह-२०८१' को उद्घाटन कार्यक्रममा सहभागीले ट्राफिक प्रहरी मात्र दुर्घटना रोकथाम र न्यूनीकरण गर्न पर्याप्त हुन नसक्ने बताएका हुन् ।

सडकमा ट्राफिक प्रहरीले सम्भावित दुर्घटना रोकथामका लागि निरन्तर प्रयाससँगै समुदाय, नागरिक, चालक, यात्रु तथा यातायात व्यवसायीले पनि आ-आफ्नो जिम्मेवारी पूरा गर्नसके दुर्घटना रोकथाम र न्यूनीकरण गर्न सकिने सरोकारवालाले विश्वास व्यक्त गरेका छन् । "सचेत व्यक्ति नै आफू सिकाउने तर आफैँले पालन नगर्ने परिपाटी समाजमा व्याप्त छ" जिल्ला समन्वय समिति गोरखाका प्रमुख मोहनबहादुर थापामगरले भन्नुभयो, "नीतिनियम र अनुशासनको पालना सबै पक्षले गर्ने हो भने दुर्घटना बिस्तारै न्यूनीकरण हुँदै जान्छ ।" उहाँले सवारी दुर्घटना रोकथामका लागि ट्राफिक प्रहरीको मात्र जिम्मेवारी हो भन्ने नागरिकको बुझाइलाई परिवर्तन गर्न सक्नुपर्नेमा समेत जोड दिनुभयो ।

"आफ्ना बालबालिकालाई लाइसेन्स बिना सवारी चलाउन हुँदैन भनेर सिकाउने काम अभिभावकबाट नै सुरु हुनुपर्छ," प्रमुख थापामगरले भन्नुभयो, "विद्यालय विद्यालयमा पुगेर बालबालिकामा ट्राफिक सचेतनाको जानकारी दिने र बालबालिकाले घरपरिवार र समुदायमा फैलाउँदै जानसके ट्राफिक सचेतना आमनागरिकसम्म पुऱ्याउन सकिन्छ ।" ट्राफिक नियमको पालना ट्राफिक प्रहरीका लागि मात्र गरिदिनु परेको जस्तो अनुभूति सवारी चालकबाट हुने गरेको भन्दै उहाँले सवारी चालक, सहचालकलाई पनि दुर्घटना रोकथाम र न्यूनीकरणका लागि ट्राफिक नियमको पालना गर्नुपर्छ भन्ने धारणाको विकास गराउनु आवश्यक रहेकामा जोड दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहालले ट्राफिक नियमको पालना नगर्दा अधिकांश दुर्घटना हुने गरेको पाइएकाले दुर्घटना रोकथामका लागि ट्राफिक नियमको गम्भीरतापूर्वक पालन गर्नुपर्नेमा जोड दिनुभयो । "ट्राफिक नियमको पालना गराउने काम ट्राफिक प्रहरीको भए पनि नियम पालना गर्ने दायित्व हामी सबैको हो," उहाँले भन्नुभयो, "प्रत्येक व्यक्तिले मैले ट्राफिक नियम मान्नुपर्छ भनेर नियमको पालना गर्नसके खालको सामूहिकताले दुर्घटना स्वाभाविक रूपमा कम हुँदै जान्छ ।" कार्यक्रममा सामुदायिक सेवा केन्द्र गोरखाका अध्यक्ष रामहरि केसीले थोरै जनशक्ति रहेको ट्राफिक प्रहरीले मात्र चाहेर सवारी दुर्घटना कम गर्न नसक्ने भन्दै नागरिकदेखि सवारी चालक, यातायात व्यवसायी, यात्रु तथा पैदल यात्रु र आमनागरिकको सामूहिक अठोटको आवश्यकता रहेकामा जोड दिनुभयो । उहाँले ट्राफिक प्रहरीले पनि पुरानै शैलीबाट सवारी सचेतना तथा दुर्घटना न्यूनीकरणका लागि काम गरेर नपुग्ने भन्दै अब प्रविधिको प्रयोगमा जोड दिनुपर्ने बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०५ भौरी खेत बाटो तथा नाला निर्माण योजना गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भौरी खेत बाटो तथा नाला निर्माण योजना

ठेगानाः पोखरा-०५, भौरीखेत

योजना सुरु हुने मितिः २०८०/११/१० गते

योजना सम्पन्न भएको मितिः २०८०/१२/०१ गते

योजनाको कुल लागतः रु. ११,७७,०००/-

महानगरपालिकाबाटः रु. ८,००,०००/-

जनसहभागिताबाटः रु. ३,७७,०००/-

उपभोक्ता समिति अध्यक्षः रोजी तिवारी (ज्ञवाली)

मो. ९८४७१८८५१८

निर्माण समिति सदस्य संख्याः ९

महिलाः ४, पुरुषः ५

**भौरी खेत बाटो तथा नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-५, भौरी खेत**



## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाको लागि रिक्त रहेको लेखापाल पदका लागि तपसिल बमोजिमको योग्यता भएका व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**पद** : लेखापाल **आवश्यक संख्या** : १ (एक) जना

**उमेर** : १८ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको

**आवश्यक न्यूनतम योग्यता** : व्यवस्थापन संकायमा +२ उर्तिण वा सो सरह, सहकारी वा वित्तिय क्षेत्रमा कार्य गरेको, चालक अनुमति पत्र प्राप्त भएको, (साधन भएकालाई विशेष प्राथमिकता) बजार व्यवस्थापन सम्बन्धी ज्ञान भएको, कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भएको ।

**आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र, कम्प्युटर सम्बन्धि तालिमको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो २ थान सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

**दरखास्त दिने स्थान** : संस्थाको कार्यालय पोखरा -९ (पृथ्वीचोक)

**दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८१/०२/०३ गते कार्यालय समय सम्म

**छनौटको किसिम** : लिखित प्रयोगात्मक र अन्तर्वार्ता

**पारिश्रमिक** : संस्थाको नियम अनुसार

सम्पर्क

**पवित्र बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-९, पृथ्वीचोक, फोन नं. ०६१-५७१०६३

# वर्ष खेलाडी महिलातर्फ अनुस्का, अरुणा र सुस्मीताको प्रतिष्पर्धा

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आठौँ संस्करणको पोखरा स्पोर्ट्स अवार्ड आयोजना हुँदैछ।

यहीं वैशाख २८ गते पोखरा सभागृहमा हुने उक्त अवार्डको वर्ष उत्कृष्ट महिला खेलाडीको मनोनयनमा परेका ३ खेलाडीको नाम समेत सार्वजानिक भइसकेको छ । वर्ष उत्कृष्ट महिला खेलाडीको मनोनयनमा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटीएफ तेक्वान्दोकी सुस्मीता थापामगर पर्न सफल भएका छन्। तीनै जना खेलाडी वर्ष ०८० मा पाएका उपलब्धिको आधारमा मनोनयनमा परेका हुन्।




**अनुस्का शेरचन (आर्चरी)**

अनुस्का उमेरले बल्ल १७ वर्षकी पुगिन् । ११ वर्षको उमेरदेखी आर्चरीमा प्रवेश गरेकी उनले आठौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागि भइन् । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समेत पदक हासिल गरेकी अनुस्का आर्चरीको भविष्य हुन । सानै उमेरमा उदायकी उनले आर्चरीबाट नेपाललाई ठूलै पदक दिलाउने आशा गर्न सकिन्छ । आर्चरीप्रति इच्छा जाहेर गरेपछि परिवारले उनलाई समर्थन गर्दै प्रशिक्षणमै व्यस्त गराएका छन् । २०८० मा अनुस्काले इराकको बागदादमा भएको एसिया आर्चरी कपमा सहभागि भई दोस्रो चरणसम्म प्रवेश गर्न सफल भइन् । उनको ०८० को मुख्य उपलब्धि भनेको पोखरामा सम्पन्न ११ औं राष्ट्रिय च्याम्पियनसिपमा व्यक्तिगत प्रतिस्पर्धामा स्वर्ण र मिक्स टिममा स्वर्ण पदक हो।

**अरुणा शाही (भलिबल)**

म्याग्दी जिल्ला हालको रघुगँगा गाउँपालिकाकी अरुणा शाही नेपाली महिला राष्ट्रिय टिमको कप्तान हुन् । मुक्तिदान विद्यालयबाट आफ्नो खेल जीवनको सुरु गर्दा उनी मात्र १३ वर्षकी थिइन् । परिवारको बाधाका बिच उनले भलिबललाई नै रोज्दै अघि बढिन् । गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै खेल्ने अरुणाले सन् २०१४ मा नेपालमा आयोजना भएको माल्दिभ्ससँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलबाट राष्ट्रिय टोलीमा डेब्यु गर्ने मौका पाएकी थिइन्। त्यसयता नियमित राष्ट्रिय टोलीमा आफ्नो स्थान बनाइराख्न सफल अरुणाले भारतसँगको मैत्रिपूर्ण, साउथ एशियन आमन्त्रण भलिबल च्याम्पियनसिप, एभीसी सेन्ट्रल जोन, १२ र १३ औं दक्षिण एशियाली खेलकुद (साग) खेल्दै भलिबलमा आफ्नो एकछत्र राज गरिरहेकी छिन्।

अरुणाले राष्ट्रिय टोलीमा डेब्यु गरेको पाँच वर्षपछि अर्थात सन् २०१९ मा राष्ट्रिय टोलीको कप्तानमा नियुक्त भइन्। नेपाली टोलीको कप्तानी सम्हाल्दै उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई ऐतिहासिक पदक समेत दिलाउन सफल भइसकेकी छिन् । अरुणाको कप्तानीमा नेपालले सन् २०१९ मा बंगलादेशमा भएको एशियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिप खेल्दै २० बर्षपछि अन्तराष्ट्रियस्तरको भलिबल प्रतियोगिताको उपाधि जितेको थियो । उनकै कप्तानीमा रहेको टोलीले ०८० सालमा चीनमा भएको १९ औं एसियाडमा पहिलो पटक सहभागिता जनायो। ०८० मै सम्पन्न काभा कपमा कास्य पदक जित्न सफल भयो। ०८० सामा यी दुई प्रतियोगितासँगै अरुणाले राष्ट्रियस्तरको एनभीए कप भलिबलमा एभरेष्ट क्लबको प्रतिनिधित्व गर्दै च्याम्पियन भइन्। उनको कप्तानीमा गण्डकी प्रदेशको टोलीले टाइगरकप, अन्तर प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा रजत र पाल्पामा भएको महिला राष्ट्रिय भलिबल प्रतियोगिता सहभागी भएको थियो।

**सुस्मीता थापामगर (आइटीएफ तेक्वान्दो)**

वि.स. २०६० सालमा बागलुङ्को बडिगाड गाउँपालिका वडा नं १० को साधारण परिवारमा जन्मिएकी सुस्मीता थापामगर आएटीएफ तेक्वान्दोकी खेलाडी हुन् । गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै आइरहेकी सुस्मीताले छोटो समयमै उचाई हासिल गरिसकेकी छिन्। कक्षा ६ मा पढ्दा भलिवल खेलेकी उनी विद्यालय स्तरमा प्रतियोगिताहरुमा भाग लिई विभिन्न पदक जितेपनि २०७४ कार्तिकमा उनी पढ्दै गरेको श्री भानु निम्न माध्यामिक विद्यालयमा रवीन्द्र बुढामगरले आईटीएफ टेक्वान्दो दोजाङ सञ्चालन गरे पछि तेक्वान्दो तर्फ आकर्षित भइन् । २०७४ मंसिर १६ गते देखि उनले औपचारिक रुपमा गुरुबाट आईटीएफ तेक्वान्दो सिक्न सुरु गरिन्,जुनबेला उनी कक्षा ८ मा पढ्थिन् । छोटो समयमै निगलापनी आईटीएफ तेक्वान्दो डोजाङकै उत्कृष्ट खेलाडी बनेकी उनले आठौं राष्ट्रिय खेलकुदमा स्वर्ण पदक हासिल गरिन्। उनले १ स्वर्ण र २ रजत पदक जितेकी थिईन् । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकीलाई २ वटा पदक दिलाउन सफल रहिन्। उनले एक स्वर्ण र एक रजत पदक हासिल गरिन्। ०८० सालमा उनी खर्च जुटाएरै काजकिस्तानमा भएको २२ औं वर्ल्ड आइटीएफ च्याम्पियनसिपमा सहभागि भइन् । ११ औं नेसनल जेनेरल चोइ आइटीएफ तेक्वान्दो डो च्याम्पियनसिप एकलतर्फ १ स्वर्ण, टिम प्यार्टन १ स्वर्ण, व्यक्तिगत १ कास्य हासिल गरिन् भने ८ औं नेसनल प्रोफेसनल तेक्वान्दो आईटीएफ च्याम्पियनसिप व्यक्तिगततर्फ १ स्वर्ण प्राप्त गरिन् । अवार्ड कार्यक्रममा वर्ष खेलाडी महिला सहित लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए।

मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ । त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्दछ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०५ एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण
ठेगानाः पोखरा-०५, एकलधारा मार्ग
योजना सुरु हुने मितिः २०८०/१२/१८ गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/१८ गते
योजनाको कुल लागतः रु. ८,७६,८६३/८
महानगरपालिकाबाटः रु. ७,००,०००/-
जनसहभागिताबाटः रु. १,७६,८६३/८
उपभोक्ता समिति अध्यक्षः बालकृष्ण वि.क.
मो. ९८५६०२८३९९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-५, एकलधारा मार्ग**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ बुडियाबारी सडक स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः बुडियाबारी सडक स्तरउन्नती
ठेगानाः पोखरा-१३
योजना सुरु हुने मितिः २०८०/१२/२० गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/१५ गते
योजना सम्पन्न भएको मितिः २०८१/०१/२१ गते
योजनाको कुल लागतः रु. ५,५५,५५६/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,५५६/-
अध्यक्षः बालकृष्ण वि.क.
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**बुडियाबारी मोटर बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१३**

# महिलालाई नौमती बजाउने तालिम

पोखरापत्र संवाददाता
गोरखा, २५ बैशाख

पालुङ्टार नगरपालिकाले महिलालाई नौमती पञ्जेबाजा बजाउने तालिम दिन सुरु गरेको छ।

नगरपालिकाले चालु आर्थिक वर्षको कार्यक्रमअन्तर्गत महिलाको सीप विकास र क्षमता अभिवृद्धिका लागि सोमबारदेखि नौमती पञ्चेबाजा बजाउने तालिम सञ्चालन गरेको नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो । "नौमती पञ्चेबाजाको संरक्षण र संवर्द्धनसँगै लोप हुँदै गएको हाम्रो परम्परागत संस्कार र संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो", उहाँले भन्नुभयो, "यसबाट एकातर्फ महिलामा सीप विकास हुँदै जानेछभने अर्कोतर्फ हाम्रो संस्कृतिको पनि जगेर्ना हुनेछ भन्ने विश्वास रहेको छ।"

पछिल्लो समय विवाह, व्रतबन्ध, चाडबाड तथा मेलापर्व र उत्सवहरूमा नौमती पञ्चेबाजाको माग बढी हुने गरेको भए पनि बाजा बजाउन सक्ने दक्ष जनशक्तिको भने अभाव रहँदै आएको छ । पञ्चेबाजा बजाउने सीपको पुस्तान्तरण नभएकाले पनि समस्या भएको हो।

"बाहिरबाट भित्र्याइएका अन्य खालका आधुनिक बाजाको प्रभावले हाम्रो मौलिकता हराएर जाने अवस्था पनि बढ्दै गएको छ", नगरप्रमुख चिन्तनले भन्नुभयो, "परम्परागत समाजमा कुनै एक समुदायले मात्र पञ्चेबाजा बजाउँछन् भन्ने सोचको पनि परिवर्तन गर्दै सीप सबैले सिक्नुपर्छ र काम गर्नुपर्छ भन्ने सन्देश पनि यसखालको तालिमले दिएको छ।"

तालिममा विभिन्न जातजाति र समुदायबाट प्रतिनिधित्व गर्ने महिलाको सहभागिता रहेको उहाँले जानकारी दिनुभयो । नगरपालिकाले 'सीप सिकौँ र रोजगार बनौँ' भन्ने नाराका साथ वडा नं ७ मा तालिम सञ्चालन गरेको हो । एक महिनासम्म सञ्चालन हुने नौमती पञ्चेबाजा बजाउने तालिममा २० महिलाको सहभागिता रहेको छ।

# आन्तरिक पर्यटनलाई बढावा दिदै संगम सहकारी

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख



पोखराको राम बजारमा प्रधान कार्यालय र न्यूरोडमा सेवा केन्द्र रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले आन्तरिक पर्यटनलाई बढावा दिने उदेश्यका साथ संस्थाको तेस्रो समिक्षा बैठक पोखराकै वडा नम्बर १६ स्थित सुन्दर गाउँ अर्मलाकोटमा सम्पन्न गरेको छ।

पहिलो दिन साँस्कृतिक कार्यक्रम र दोस्रो दिन कार्यालय प्रमुख बृहस्पति अधिकारीले राख्नुभएको संस्थागत प्रस्तुति सहितको समिक्षा बैठक गरि दुई दिने कार्यक्रम उक्त गाउँमा गरिएको हो । उक्त अवसरमा अर्मलाकोट सामुदायिक होमस्टेका अध्यक्ष बबिता गुरुङ सहितका होमस्टे संचालकहरुले सबैलाई फूल टीकाले स्वागत गर्दै आफ्नो गाउँ रोजाइमा परेकोमा खुसी व्यक्त गरे। पोखरामा कुनै बेला संघर्षशील महिला एवं समाजसेवीका रुपमा परिचित संगम सहकारीका पुर्व संचालक सदस्य देब कुमारी गुरुङको जन्म घरमा आउदा श्रद्धाले शिर झुकेको र उनले सहकारीमा दिएको योगदान सम्झदा गर्वले छाती फुलेको अनुभुति सुनाउदै संरक्षक निरज थापाले हालका खेल क्षेत्रका राष्ट्रकै धरोहर गण्डकी प्रदेश खेलकुद परिषदका पुर्व सदस्य सचिव तेज बहादुर गुरुङको गाउँघरमा बास बस्न पाउनुको मिठो संयोग समेत सुनाए। यसैगरी उनले पुर्व अञ्चलाधिस लक्ष्य बहादुर गुरुङसँगको ती दिनको सम्झना गर्दै अर्मलाकोट बास्तवमै ऐतिहासिक गाउँ र केहि सिक्नुपर्ने ठाउँ भएको बताए । संस्थाका संचालक सदस्य बिष्णु कुमारी थापाले पनि सहकारीको र समुदायकै महिला सशक्तीकरणमा देबु दिदीले खेलेको महत्वपूर्ण भुमिकाको स्मरण गर्दै भावुक भइन् । नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं गण्डकी प्रदेश खेलकुद परिषदका पुर्व सदस्य सचिव तेज बहादुर गुरुङले फोनमार्फत सबैलाई शुभकामना दिदै सुखद बसाइ र कार्यक्रम सफलताको शुभकामना व्यक्त गरे। राम्रो सहकारीले राम्रो गाउँमा ल्याइ कार्यक्रम गरेकोमा धन्यवाद दिदै लेखा संयोजक भोबिन्द्र गिरीले सेयर सदस्यको साथसाथै सेयर रकम वृद्धितर्फ पनि ध्यान दिनुपर्ने बताए । कानुनी सल्लाहकार दयाराम गौतमले सेवा केन्द्रको प्रगति देखेर खुसी लागेको बताए। दुई दिने कार्यक्रमकै बिचमा हाइकिङ, हरिहर आश्रम लगायतका ठाउँको अवलोकन, इन्द्र गुरुबाट योग अभ्यास समेत गरिएको थियो। नबराज तिवारीको अध्यक्षता र सचिव धनराज पुरीको संचालनमा भएको कार्यक्रमको अन्तमा पुर्व संचालक सदस्य देब कुमारी गुरुङको स्मृतिमा एक मिनेट मौन धारण समेत गरिएको संचालक सदस्य तिलक थापाले बताए।

# खडेरीले मुहान सुकेपछि खानेपानीको वैकल्पिक तयारी

पोखरापत्र संवाददाता
बागलुङ, २५ बैशाख

बागलुङमा खडेरीले जतासुकै मूल सुकेका छन् । खानेपानीको आपूर्तिमा समस्या देखिएपछि बागलुङ नगर खानेपानी उपभोक्ता संस्था पनि प्रभावित बनेको छ।

उन्नाइस किलोमिटर टाढाको रेशखोलाबाट ल्याइएको पानीको मात्रा घटेको छ। त्यस्तै भुँदीखोलाबाट ल्याएको पानीको मात्रा पनि घटेको छ। मात्रा घटेपछि बजारबासीलाई पानीको अभाव भएको छ । विकल्पका रूपमा निर्माण भइरहेको कैलामपोखरी लिफ्ट आयोजनाले अझै पूर्णता पाउन सकेको छैन् । पानी सुक्दै गएकाले वितरणमा समस्या आएपछि संस्थाले आन्तरिक गृहकार्य गरेर वैकल्पिक उपाय खोजेको छ।

उक्त विकल्पअनुसार बजारमा पानी वितरणका लागि संस्थाले कैलामपोखरीबाट चार इन्चको पाइपमा रात्माटाको ट्याङ्कीमा पानी खसाल्ने काम भइरहेको छ। यो पानी आजदेखि उपभोक्तालाई वितरण गरिने संस्थाका अध्यक्ष केवी रानमगरले बताउनुभयो।

पानी अभाव हुन थालेपछि समस्या भएको छ । तित्याङको रिठेखोलाबाट आएको पानीसमेत सुकेपछि वितरणमा सास्ती भएको भन्दै समितिले विकल्पको रूपमा पाइप विच्छ्याएर रात्माटा पुर्‍याएको छ । आजदेखि पानी वितरणमा केही सहज हुने अध्यक्ष रानमगरको भनाइ छ। पानी अभाव भएपछि बजारबासी गलुवाखोला, सहश्रधारा लगायतका स्थानमा पुगेर खानेपानी ल्याउन थालेका छन् । बागलुङ बजारमा पानी सहजरूपमा वितरण गर्न सकिएको छैन । ठेकेदार कम्पनीले योजना हस्तान्तरण गर्न सकेको छैन । "हाल अस्थायी रूपमा पानी खुवाउन प्रयास गरिएको हो", उहाँले भन्नुभयो। काठेखोलाबाट पानी सङ्कलन गरी हाल निर्माण भएका ट्याङ्कीबाट बजारमा वितरण गर्ने योजना छ। विसं २०३२ मा पहिलो पटक बागलुङमा तित्याङको रिठेखोलाबाट खानेपानी ल्याइएको थियो। सो आयोजनाअन्तर्गत१३सार्वजनिक धारा बनेका थिए । तत्कालीन राजा वीरेन्द्र शाहले उक्त आयोजनाको उद्घाटन गर्नुभएको थियो। बागलुङ बजारमा अहिले चार हजारबढी धारा निर्माण गरिएका छन् । तर अधिकांस धारामा खडेरीको समयमा पानी आउँदैन।

उपभोक्ता समितिको ३० प्रतिशत र सङ्घीय सरकारको ७० प्रतिशत लगानीमा २०७३ सालमा थालिएको आयोजना अझै हस्तान्तरण भएको छैन।

पाइपमा समस्या आएपछि लिफ्टमार्फत पानी आपूर्ति हुन सकेको थिएन। "पाइपमा समस्या आएपछि खानेपानी वितरण गर्न ढिला भएको हो", संस्थाका प्रबन्धक हिमालप्रसाद शर्माले भन्नुभयो । गत वर्षातमा फाइप फुटेर थप समस्या भएको थियो।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

**यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।**

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००२५४७ | सुरेन्द्र श्रेष्ठ | पोखरा २, कास्की |
| २ | PLI १५७०००७०१३ | अनामिका तामाङ | लेखनाथ २, कास्की |
| ३ | PLI १६१००००३८७ | प्रतिक्षा भण्डारी | माछापुच्छ्रे गा.पा.७, कास्की |
| ४ | PLI १६१००००३२५ | ओम कृष्ण शाही | लेखनाथ १२, कास्की |
| ५ | PLI १६१००००३३४ | आभारीका शाही | लेखनाथ १२, कास्की |
| ६ | ULI ४००००००२७९४ | चिना जुग्जाली | धौलागिरी गा.पा.६, म्याग्दी |
| ७ | ULI ४०००००१९७२ | सुवास थापा | पु.ब.न.पा.७, स्याङ्जा |
| ८ | ULI ४०००००२७८२ | अनु कुमारी क्षेत्री | अर्जेबा ७, बाग्लुङ |